नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
रोजगार कार्यक्रम व्यवस्थापन शाखा

पत्र संख्या:- ०८२/८३
चलानी नं.:- ५९

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०८२।०९।२२

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय, सबै।
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषय: आ.व. २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान वित्तीय हस्तान्तरण मार्फत प्राप्त भएको व्यहोरा विदितै छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ उपदफा (२) बमोजिम देहायका शर्तको अधिनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (सचिवस्तर) मिति २०८२।०९।२२ गतेको निर्णयानुसार अनुरोध छ।

साथै, मार्गदर्शन यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

२०८२।०९।२२

(नबराज सुबेदी)
शाखा अधिकृत

# आर्थिक वर्ष २०८२/०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको कार्यान्वयन मार्गदर्शन

## (क) श्रोतको विवरणः-

(१) अनुदान रकम देहायको स्रोतबाट उपलब्ध गराईएको छः-

क) बजेट उपशिर्षक नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको नगद अनुदान तर्फबाट सञ्चालित राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम।

## (ख) बजेट तथा योजना तर्जुमा प्रक्रिया

(२) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न "राष्ट्रिय योजना आयोगबाट प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" अनुसार बजेट तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) ब.उ.शि.नं. ३७१००१०२ अन्तर्गत विनियोजन भएको बजेटमा स्थानीय तहबाट साझेदारी गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्न सकिनेछ।

(४) आयोजना कार्यान्वयन गर्दा रोजगारी सिर्जना हुने गरी श्रमिकको ज्याला रकममा साझेदारी मार्फत दिगो रोजगारी सिर्जना हुने आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(५) आयोजना तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय तहले आवश्यकता अनुसार थप बजेट परिचालन गर्न सक्नेछ।

(६) रोजगारी सिर्जना अन्तर्गत विनियोजित बजेटलाई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १९ बमोजिमको कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(७) न्यूनतम रोजगारी उपलब्ध गराउनको लागि खटाईएका सूचीकृत बेरोजगार श्रमिकहरुलाई नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम ऐन २०७४ को दफा १०६ बमोजिम निर्धारण गरेको न्यूनतम पारिश्रमिक रकमभन्दा कम नहुने गरी उपलब्ध गराउनुपर्नेछ।

(८) स्थानीय तहहरुको वित्तीय संलग्नतामा नमूना रोजगार सेवा केन्द्र सञ्चालन गर्दा 'एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०' बमोजिम गर्न सक्नेछन्।

(ग) <u>सीप विकास तालिम, उद्यमशीलता र रोजगारी उपलव्ध गराउने सम्बन्धमा</u>

(९) ब.उ.शि.नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको श्रोत परिचालन गरी रोजगार आयोजना सञ्चालन गर्दा **राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम** (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा २५ बमोजिमको सीप विकास तालिम र दफा २६ बमोजिम तालिम सञ्चालन गर्नु पर्नेछ। संघ, प्रदेश र स्थानीय तहले वार्षिक रुपमा हुने नियमित योजना तर्जुमा प्रक्रियावाट स्वीकृत भएका सीप विकास तालिम सम्बद्ध कार्यक्रमहरु सहकार्य र साझेदारीमा सञ्चालन गर्न सक्नेछन्।

(१०) रोजगारी सिर्जनाको लागि छनौट गरिएका आयोजनाहरूमा प्राथमिकता दिई बार्षिक बजेट तथा कार्यक्रम कार्यान्यवन मार्फत रोजगारी सिर्जना गर्नु पर्नेछ। साथै तोकिएको न्यूनतम ज्यालादर अनुसार एक सय दिनको रोजगारी उपलव्ध गराउन पुग्ने बेरोजगार संख्यालाई रोजगारी उपलव्ध गराउनुपर्नेछ।

(११) सूचिकृत बेरोजगार व्यक्तिले आयोजनामा काम गर्न इन्कार गरेमा वा अनुसूची १ मा उल्लिखित आचरणको पालना नगरेमा सम्बन्धित आयोजनाको टोली प्रमुखले रोजगार सेवा केन्द्रमा लेखी पठाउनु पर्नेछ। सोही आधारमा सम्बन्धित रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ। सूचीकृत बेरोजगार व्यक्ति काममा खटाइनु पूर्व वा खटाइसकेपछि निज अन्यत्र रोजगारीका लागि गएमा निजले रोजगार सेवा केन्द्रमा सोको जानकारी गराउनु पर्नेछ र सोही आधारमा रोजगार सेवा केन्द्रले निजलाई बेरोजगार व्यक्तिको सूचीबाट हटाउनु पर्नेछ।

(१२) रोजगार आयोजनामा श्रमिकको परिचालन गर्दा गाउँ/नगर कार्यपालिकाको निर्णयानुसार रोजगार व्यबस्थापन सूचना प्रणालीमा प्रविष्ट भए बमोजिम प्रथामिकताक्रम निर्धारण भएका व्यक्तिहरुलाई खटाउनु पर्नेछ।

(१३) बैदिशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पूँजी र सीपलाई परिचालन र स्तरीकरणमा सहयोग गरी उद्यमशीलता र स्वरोजगार बनाउन निर्देशिकाको दफा २४ बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(घ) बजेट खर्च लेखांकन, लेखापरिक्षण र प्रतिवेदन

(१४) बजेट खर्च र लेखाकंन नेपाल सरकारबाट स्वीकृत प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानून बमोजिम गर्नु पर्नेछ। साथै स्थानीय तहबाट भएको बजेट खर्चको सम्बन्धमा स्थानीय तहबाट नै प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण गराउनुपर्नेछ।

(१५) बजेट परिचालन गर्दा 'राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ ले तोके बमोजिमको क्षेत्रमा श्रोतगत बजेट सीमाभित्र रहि खर्च गर्नु पर्नेछ।

(१६) स्थानीय तहलाई मन्त्रालयस्तरीय बजेट सूचना प्रणाली (LMBIS) मार्फत हस्तान्तरण भएको सशर्त अनुदानको श्रोत खुलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा प्रविष्टी गर्नु पर्नेछ। अनुदानको विवरण रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समेत अद्यावधिक गर्नु पर्नेछ।

(१७) स्थानीय तहले खर्चको लेखाङ्कन तथा भुक्तानी गर्दा SuTRA प्रणालीको प्रयोग गर्नु पर्नेछ। रोजगार सेवा केन्द्रको खर्चको भुक्तानीको विवरण EMIS मा मासिक रुपमा अद्यावधिक गर्नु पर्नेछ।

(१८) रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम (क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तिमा शत् प्रतिशत रकम साझेदारी गर्नुपर्नेछ) अन्तर्गत विनियोजन भएको बजेट श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्नेछ। स्थानीय तहले गर्नुपर्ने शतप्रतिशत साझेदारी अन्तर्गत स्थानीय तहको निर्णयानुसार बस्तु, सेवा तथा सामाग्रीमा खर्च गर्न सक्नेछन्।

(१९) श्रमिकको काम बापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक नघट्ने गरी स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेट नबढ्ने गरी निर्धारण गर्नुपर्नेछ। रोजगारी उपलब्ध गराउने आयोजना वा कार्यक्रम प्रमुखले उपलब्ध गराएको रोजगारीको दिनको आधारमा मासिक रुपमा पारिश्रमिक भुक्तानी गर्नु पर्नेछ।

(२०) आन्तरिक रोजगारी सिर्जना/प्रवर्द्धनका क्रियाकलाप सञ्चालन (क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तिमा शत् प्रतिशत रकम साझेदारी गर्नुपर्नेछ) अन्तर्गत स्थानीय तहहरुले बुँदा नं. १८ को अतिरिक्त मिति २०८२।०४।१५ गतेको नेपाल सरकार (मा. मन्त्रिस्तर) निर्णयानुसार निर्णय कार्यान्वयनको लागि मन्त्रालयबाट मिति २०८२।०४।१८ गतेको च.नं. आ.रो.व्य.म. ०५ को पत्रमा उल्लिखित कार्यका अतिरिक्त स्थानीय रोजगार रणनीतिमा उल्लिखित आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गरी खर्च गर्न सक्नेछन्।

(२१) श्रमिकको काम बापतको पारिश्रमिक भुक्तानी गर्दा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ दफा २१ बमोजिम बैङ्क खाता मार्फत गर्नु पर्नेछ।

(२२) आर्थिक वर्ष २०८२/०८३ का लागि स्थानीय तहलाई उपलव्ध गराइएको सशर्त अनुदान रकम खर्च नभई बाँकी रहन गएमा अनुदान रकमको विवरण उल्लेख गरी २०८३ आषाढ २५ गते भित्र सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र सो को जानकारी मन्त्रालयलाई उपलव्ध गराउनु पर्नेछ।

(२३) श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गतको बजेट स्थानीय तहको प्राथमिकता तथा 'श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन सम्बन्धी रणनीति, २०७८' ले तोकेका क्षेत्रमा अभियान सञ्चालन गर्न नियमानुसार खर्च गर्नुपर्नेछ।

(२४) रोजगार संवाद मञ्चको सञ्चालनको लागि वनियोजित बजेट एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०८० मा व्यबस्था भएको मञ्चको सञ्चालनमा नियमानुसार खर्च गर्नुपर्नेछ।

(२५) रोजगार संयोजकको सेवा सुविधा सम्बन्धमा रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा मापदण्ड २०७६ को दफा १८ को उपदफा ३ बमोजिम स्थानीय तहले थप सुविधाहरु प्रदान गर्न सक्नेछन्।

..................

बोधार्थ:

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिंहदरवार, काठमाडौं।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।